# साँगुरीगढी गाउँपालिका
# Sangurigadhi Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
# Office of the Rural Municipal Executive
भेडेटार, धनकुटा

Bhedetar, Dhankuta


सूचना नं. १ - २०७६/७७

## रेडियोग्राफर तथा नायव पशु स्वास्थ्य प्राविधिक आवश्यकता सम्वन्धी सूचना

(प्रकाशित मिति :२०७६/०५/१९)

साँगुरीगढी गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्था तथा वडा कार्यालयमा देहाय वमोजिमको पदमा सेवा करारद्वारा जनशक्ति पदपूर्ति गर्नुपर्ने भएकोले निम्नानुसार आवश्यक न्यूनत्तम योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले साँगुरीगढी गाउँ कार्यपालिकाको कार्यालय, भेडेटार, धनकुटामा दरखास्त दिनुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निम्न :**

**१.माग पद संख्या :**

क) रेडियोग्राफर -१ (एक)

ख) नायव पशु स्वास्थ्य प्राविधिक -१ (एक)

**२. परीक्षाको किसिम :** साँगुरीगढी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधी २०७५ वमोजिम सुचिकृत तथा अन्तर्वार्ता ।

**३. आवश्यक न्यूनत्तम योग्यता :**

क) **रेडियोग्राफर पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थावाट **रेडियोग्राफीमा प्रमाणपत्र तह** उत्तिर्ण ।

ख) **नायव पशु स्वास्थ्य प्राविधिक पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थावाट **एस.एल.सी.उत्तिर्ण गरी न्यूनत्तम एक बर्षे जे.टी.ए. (पशु विज्ञान, पशुपालन, पशु स्वास्थ्य) तालिम प्राप्त वा कृषि (पशुपालन, पशु स्वास्थ्य) विषय लिई टी.एस.एल.सी. उत्तिर्ण** ।

**४. परीक्षा केन्द्र र मिति** : साँगुरीगढी गाउँ कार्यपालिकाको कार्यालय, भेडेटार, धनकुटा । परीक्षा मिति दरखास्त दिने अन्तिम दिन प्रकाशित गरिनेछ ।

**५.उम्मेदवारको उमेरको हद :** मिति २०७६/०६/०२ सम्म १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उमेद्वारको हकमा ४० वर्ष ननाघेको ।

**६. संलग्न गर्नुपर्ने कागजातहरु** : व्यक्तिगत विवरण (Bio Data), नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, कार्य अनुभव तथा शैक्षिक योग्यताको प्रमाणपत्रहरु ।

**७.दरखास्त दिने अन्तिम मिति** : २०७६/०६/०२ सम्म ।

**८.दरखास्त दस्तुर :** रेडियोग्राफी पदको लागि रु ४००।०० र नायव पशु स्वास्थ्य प्राविधिक पदको लागि रु ३००।०० वुझाउनु पर्नेछ ।

**९.दरखास्त दिने तरिका** : दरखास्त फाराम यस कार्यालयवाट प्राप्त गर्न सकिनेछ । यस कार्यालयवाट तोकिएको दरखास्त दस्तुर वुझाई दरखास्त फाराम पेश गर्नुपर्नेछ ।

**१०. पारीश्रमिक** : रेडियोग्राफरको लागि मासिक रु २५,०००।०० र नायव पशु स्वास्थ्य प्राविधिकको लागि मासिक रु २२,१७०।०० पारिश्रमिक उपलव्ध गराइनेछ ।

**११. करार अवधि** : २०७७ साल आषाढ मसान्त सम्म ।

(सूर्यबहादुर भण्डारी)

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत